सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

च.नं.

---

**आ.व. २०७७/०७८को औषधी तथा सर्जिकल सामानहरुको खरिद सम्वन्धि सिलवन्धी दरभाउपत्र आव्हानको सूचना ।**

सिलवन्दी दरभाउपत्र नं. ३०/०७७/०७८

प्रथम पटक प्रकाशित मिति २०७७/०८/१३

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि चालु आ.व. २०७७/०७८ मा आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरिने भएकोले ईच्छुक ईजाजत प्राप्त रजिष्टर्ड, उत्पादक कम्पनी तथा वितरकले निम्न शर्तको अधिनमा रहि रीतपूर्वकको दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ प्रथमपटक सूचना प्रकाशन भएको मितिले १५दिन कार्यालय समयभित्र रु. १,०००/- (फिर्तानहुने गरी) नगद दाखिला गरेपछि आयकर दर्ता प्रमाणपत्र तथा मु.अ. कर दर्ता प्रमाणपत्र, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी रु. १० को टिकट टाँसी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिले दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२ सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२.०० वजेभित्र दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका शिलवन्दी दरभाउपत्र सोही दिनको १:०० वजे शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन । शिलवन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३ शिलवन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम रा.वा. वैंक सन्धिखर्क शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ३०५०१००३०१०१०००२ मा दाखिला गरेको सक्कलै दोश्रो प्रति वैंक भौचर वा कम्तीमा ९० दिन म्याद - शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि) भएको मान्यता प्राप्त बैंकको वैंक जमानीपत्र शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ३ प्रतिशत वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने छ वा यस कार्यालयको नाममा परफरमेन्स वण्ड जारी गर्नुपर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिणत गर्न पाईने छैन ।

४ शिलवन्दी दरभाउपत्र दाताले मूल्यअभिवृद्धि कर वाहेकको दर अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा स्पष्ट उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिईनेछ । शिलवन्दी दरभाउपत्रमा केरमेट भएको ठाउँमा दस्तखत गरी छाप लगाउनु पर्ने छ ।

५ नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त भएका शिलवन्दी दरभाउपत्र फारामहरु कारण जनाई वा नजनाई दरभाउपत्र प्याकेजमा(एकमुष्ट) स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । शिलवन्दी दरभाउपत्रमा उल्लेख भएको औषधीहरुको परिमाणमा आवश्यकता अनुसार थपघट गर्न सकिने छ । यसरी थप गरिएको परिमाणमा थप मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।

६ शिलवन्दी दरभाउपत्र दाताले आफूले खरिद गरेकै शिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन । साथै शिलवन्दी दरभाउपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन ।

सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

च.नं.

७ स्वीकृत शिलवन्दी दरभाउपत्र अनुसारको सामान एकमुष्ट वा आवश्यकता अनुसार पटक-पटक आदेश दिई मगाउन सकिने छ । सप्लाई गरिने औषधीको म्याद स्टोर दाखिला भएको मितिले कम्तीमा १८ महिनाको हुनुपर्नेछ र १२ महिना मात्र म्यादहुने औषधीको हकमा कम्तीमा ९ महिना म्याद बाँकी भएको हुनुपर्नेछ ।

८ रीत नपुगेको दरभाउपत्र माथिकुनै कारवाही गरिने छैन साथै दरभाउपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधि भित्र औषधी बुझाउनु पर्नेछ र औषधीको केही अंश वा सम्पूर्ण औषधी नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम कारवाही हुने छ । सम्पूर्ण करहरु र कार्यालयको गोदाम घरसम्मको ढुवानी खर्च दरभाउपत्र दाताले नै व्यहोर्नुपर्नेछ ।

९ सप्लाई हुने औषधीको प्रत्येक स्ट्रीपमा र प्रत्येक प्याकिङ्गको वाहिर समेत उत्पादन मिति, एक्सपाएर हुने मिति, ब्याच नम्वर तथा नेपाल सरकारबाट निःशुल्क वितरणको लागि (Free Supply for Ministry of Health, Nepal) स्पष्ट रुपमा देखिने गरी लेखिएको हुनु पर्नेछ ।

१० WHO GMP बाट Certified Company हरुको औषधीमात्र सप्लाई गर्नुपर्नेछ र सर्जिकल सामानहरु गुणस्तरयुक्त कम्पनी र नेपाल सरकारबाट वन्देज नलगाईएको हुनुपर्नेछ ।

११ प्राप्तभएको औषधी र सर्जिकल सामानको सक्कल वील प्राप्तभई स्टोर दाखिला भएपछि मात्र वजेट निकासाको आधारमा भुक्तानी दिईनेछ ।

१२ दरभाउपत्र फारममा आफूले सप्लाई गर्ने प्रत्येक औषधीको आईटम वाईज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

१३ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचतिल नेपाल कानून अनुसार हुनेछन् । दरभाउ पत्र सम्वन्धि थप केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१४ औषधी तथा सर्जिकल सामान खरिदको जम्मालागत रु. १४०००००। (चौध लाख) हुनेछ ।

| सि.नं. | ठेक्कानम्बर | ठेक्काको विवरण | अनुमानितलागत (मु.अ.क.समेत) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | ३०१०७७/०७८ | औषधी तथा सर्जिकल सामान खरिद | १४०००००।(चौध लाख) | ४२०००। (बयालिस हजार) |

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकियअधिकृत

प्रमुख प्रशासकीय अधिकृत